राष्ट्रियता लोकतन्त्र समाजवाद



"बदलियो कांग्रेस, बदल्छौं देश"

# सुशासन, सामाजिक न्याय, दीगो विकास, पर्यटन र रोजगारी निर्माणको

# संकल्प

२०८२ फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभाको निर्वाचनमा **कास्की क्षेत्र नं. ३** का उम्मेदवारलाई



**मनोज गुरुङ**
प्रत्यक्ष तर्फका उम्मेदवार

**आई बहादुर गुरुङ**
समानुपातिक तर्फका उम्मेदवार

**रुख चिन्हमा छाप लगाई**
**अत्याधिक बहुमतले विजयी गराऔं ।**

आदरणीय आमा, बुबा, दिदीबहिनी, दाजुभाइ तथा कास्की जिल्ला प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. ३ का सम्पूर्ण मतदाता साथिहरूमा **हार्दिक नमस्कार, जय नेपाल** !

## जेनजी आन्दोलनको मर्म र भावनालाई आत्मसात् गर्दै समुन्नत नेपालको मार्गचित्र कोर्ने दिशामा प्रतिबद्ध रहँदै देहायको संकल्प गर्दछौं ।

१. सरकारी काम काजका सेवा प्रवाहमा प्रविधिको प्रयोगलाई प्राथमिकता दिँदै पारदर्शी, जवाफदेही र भ्रष्टाचारमुक्त प्रशासन सेवा स्थापनाको लागि पहल गर्नेछौं । यस्तो सेवाले सरकारी सेवा लिँदा लाइन बस्न नपर्ने, सेवा झन्झटिलो नहुने र सेवा चुस्त दुरूस्त हुने सुनिश्चितता गर्नेछ । सुशासन स्थापना गर्ने कार्य हाम्रो पहिलो प्राथमिकता हुने छ ।

२. गुणस्तरीय शिक्षाको सुनिश्चित गर्नको लागि प्रविधियुक्त समान र पहुँचयुक्त सार्वजनिक शिक्षाको विकास गर्नेछौं । यसको लागि विद्यालय तहदेखि नै प्रविधिमा आधारित शिक्षा र सिप जस्तैः Artificial Intelligence -AI, Machine Learning जस्ता विषयलाई शिक्षणको प्रमुख विषय बनाउने कुरामा जोड दिइनेछ ।

३. कास्कीमा मुटु, बर्न, बाल अस्पताल स्थापनाका लागि पहल गरी स्वास्थ्य सेवामा आम नागरिकको पहुँच पुऱ्याउनेछौं । साथै स्थानीय तहमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउन सुविधा सम्पन्न अस्पताल निर्माण पहिलो प्राथमिकतामा राखिनेछ ।

४. दलित, आदिबासी, जनजाति, अपाङ्गता भएका र पिछडिएका समुदाय साथै आर्थिक रूपमा विपन्न परिवारका लागि शिक्षा, स्वास्थ्य र रोजगारीमा विशेष नीति निर्माण गर्नेछौं ।

५. पर्यटन, कृषि, पशुपालन र साना उद्योगमार्फत रोजगारी सिर्जना गर्न 'युवा लक्षित कार्यक्रम' सञ्चालन गर्नेछौं । यसको लागि होमस्टे, ट्रेकिङ र साहसिक

पर्यटनमा स्थानीयलाई प्राथमिकता दिने नीति तय गरिनेछ ।

६. पोखरालाई प्राकृतिक सौन्दर्य, धार्मिक सहिष्णुता र दिगो पर्यटनको राजधानीका रूपमा विकास गर्नेछौं साथै पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट नियमित व्यावसायिक उडान सञ्चालन गरी वार्षिक २० लाख पर्यटक भित्र्याउने ठोस योजना कार्यान्वयन गर्नेछौं ।

७. अन्नपूर्ण पदमार्ग, घोरेपानी-पुनहिल, हिंड्न लेक, मर्दी हिमाल, खुमाई, पञ्चासे लगायतका पदमार्गलाई भावी पुस्ताका लागि सुरक्षित राख्न दिगो पर्यटन र संरक्षण नीति अवलम्बन गर्नेछौं ।

८. पोखरा आसपासका सहरी समस्या समाधान गर्दै ग्रामीण क्षेत्रमा 'स्याटेलाइट सिटी' को अवधारणा ल्याई सन्तुलित विकास गर्ने नीति ल्याइनेछ ।

९. भूमिहीन र अव्यवस्थित बसोबासीका समस्याको न्यायोचित र दिगो समाधान गर्ने नीति ल्याइनेछ ।

१०. पोखरा उपत्यका साथै स्थानीय पालिकामा दिगो रूपमा फोहोर मैला व्यवस्थापन, जैविक मल उत्पादन र ढल व्यवस्थापन गर्ने नीति निर्माण गरिनेछ ।

११. फेवातालको वैज्ञानिक व्यवस्थापन र संरक्षणका लागि कानुनी स्पष्टतासहित स्थानीय सहभागिता सुनिश्चितता गर्ने नीति निर्माण गरिनेछ ।

१२. वृन्दावन, पुम्दिकोट, विन्दबासिनी, ताल-बाराही, सराङ्कोट, हनुमत् धाम, कान्छी वराह लगायतका क्षेत्रलाई धार्मिक पर्यटकको प्रमुख गन्तव्यको रूपमा विकास गर्न पहल गरिनेछ ।

१३. नदी कटानलाई नियन्त्रण गर्न आवश्यकता अनुसारको तटबन्ध निर्माणमा जोड दिइनेछ ।

१४. अन्नपूर्ण संरक्षण क्षेत्रका कारणले स्थानीय सरकारले आफ्नो क्षेत्रभित्रका वन पैदावार, जडीबुटी, नदीजन्य पदार्थहरूको उपभोग गरी स्थानीय तहको राजस्व बढाउनका लागि संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ लाई

संशोधन गरी स्थानीय तह र आम नागरिकलाई अधिकार सम्पन्न गर्ने नीति तय गर्ने प्रस्ताव दर्ता गर्नेछौं ।

१५. स्थानीय तहका आवश्यकताहरूको पहिचान गर्नका लागि राजनीतिक दलका स्थानीय प्रतिनिधि, जनप्रतिनिधि, बुद्धिजीवी तथा सरोकारवालाहरूसँग छलफल तथा समन्वय गरी प्राथमिकताका आधारमा विकास योजनाहरूको दीर्घकालीन मार्गचित्र निर्माण गरिनेछ ।

१६. भौतिक पूर्वाधारका विकास योजनाहरु निर्माण गर्दा संघ, प्रदेश र स्थानिय तह विच समन्वय गरी वर्गिकरण गरिने छ ।

१७. स्थानीय स्तरका प्रतिभावान् युवा-युवतीलाई रूचि अनुसारको खेलमा संलग्न हुने अवसर प्रदानको पहलकदमी चालिनेछ ।

१८. स्थानीय तहमा बोलिने भाषा र संस्कृतिको संरक्षण र सम्वर्द्धनको लागि आवश्यक नीति तय गरिनेछ ।

१९. आम जनसमुदायमा राज्य पुनर्संरचनाको मुद्दा प्रचुर मात्रामा उठिरहेको हुँदा यस्ता आवाजलाई संसदमा पुऱ्याउने संकल्प गर्दछौं ।

२०. संघीयताको मर्म अनुसार निजामती ऐन, संघिय शिक्षा ऐन, प्रहरी ऐन लगायतका साझा अधिकारका कानुन निर्माणमा नेतृत्वदायी भूमिका खेल्नेछौं ।

२१. हामी जनप्रतिनिधि र जनताबीच नियमित सार्वजनिक सुनुवाइ गर्नेछौं । हामीले गरेका कार्यहरूको प्रगति विवरण अर्ध-वार्षिक रूपमा सार्वजनिक गर्नेछौं ।

तसर्थ, आगामी निर्वाचनमा नेपाली कांग्रेसको चुनाव चिह्न 'रूख' चिन्हमा मतदान गरी हामीलाई विजयी गराउनु हुन हार्दिक अपिल गर्दछौं ।

**धन्यवाद**

जय नेपाल !

निर्वाचन परिचालन समिति
कास्की क्षेत्र नं. -३